## पहिलो पृष्ठबाट बाँकी

### ओलीको...

प्रदेश इन्चार्ज शेरधन राईले भने बुधबार बिहानबाट चुनाव हुने बताए। २०८० असोजमा भएको एमाले प्रदेश कमिटीको निर्वाचनमा पनि मुख्यमन्त्री कार्कीले राज्यसत्ताको दुरुपयोग गरेको आरोप लागेको थियो। मुख्यमन्त्री कार्कीले भने आफ्ना कोही पनि उम्मेदवार नभएको बताउँदै साथीभाईसँग भेटघाट र निरीक्षणका लागि मात्रै आफू पुगेको बताएका छन्।

संस्थापन पक्षबाट अध्यक्षमा ओझासहित उपाध्यक्षमा शान्ति लिम्बू, सचिवमा रविन थापा, उपसचिवमा इर्जालाल राजवंशी र शिल्पा निरला कार्की चुनावी मैदानमा छन्। ढकाल समूहबाट अध्यक्षमा अजम्बर राई, उपाध्यक्षमा सागर थापा, सचिवमा सोमराज थापा, उपसचिवमा सन्तोष वान्तवा र उषा झाको उम्मेदवारी छ।

यसअघि निर्वाचन समितिले मंगलबार बिहान ९ बजेबाट मतदान सुरु गर्ने बताएको थियो। सहमतिको प्रयास गर्ने भन्दै पुनः दिउँसोका लागि सारियो। अन्तिममा निर्वाचन समितिले मतपत्र छपाइमा समय लाग्ने भन्दै बुधबार मतदान हुने जनाएको छ। पार्टीको जिल्ला अधिवेशन शनिबार उद्घाटन भएको थियो।

निर्वाचन समितिका संयोजक सुरेशलाल श्रेष्ठले मतदानको समय बुधबार बिहान ७ बजेदेखि अपरान्ह ४ बजेसम्मका लागि छुट्याइएको बताएका छन्। ५ जना पदाधिकारीसहित १ सय ६५ सदस्यीय जिल्ला समितिमा ७१ जना सदस्य सर्वसम्मत निर्वाचित भइसकेको उनले जानकारी दिए।

सुरुमा ३२५ जनाले मनोनयन दर्ता गरेकोमा ६३ जनाले उम्मेदवारी फिर्ता लिएका छन्। अब चुनावी मैदानमा १९१ जना छन्। १ पटकमा २० जनाले मतदान गर्नसक्ने व्यवस्था मिलाइएको निर्वाचन समितिले जनाएको छ। उम्मेदवार धेरै भएका कारण १ जना मतदातालाई भोट हाल्न १५ मिनेटसम्म समय लाग्ने अनुमान गरिएको छ। मतदानपछि पार्टी कार्यालय पाञ्चालीमा मतगणना हुनेछ।

### ग्रामथानका...

आफूलाई काम गर्न काँग्रेस एमालेका जनप्रतिनिधिले नै असहयोग र घेराबन्दी गरेको भन्दै उनले ग्रामथानवासी जनताको पक्षमा यो निर्णय लिएको बताए।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोद कुमार भण्डारीले १ करोड ८० लाख आन्तरिक राजस्व उठाउने लक्ष्य राखिएकोमा हालसम्म ५० लाख रुपैयाँ मात्रै राजस्व उठेको बताएका छन्। 'लोहन्द्रा खोला ठेक्का लागेन। आन्तरिक राजस्व पनि लक्ष्य अनुसार उठ्ने अवस्था देखिएन' उनले भने, 'इन्धन र सवारी साधन मर्मत शीर्षकको बजेट पनि सकिएकोले कटौती गरिएको हो।'

गाडी सुविधा कटौती गर्ने निर्णय अनुसार मङ्गलवार गाउँपालिका अध्यक्ष माझीले उपाध्यक्षसहित वडा अध्यक्षको गाडी नियन्त्रणमा लिएका छन्। अध्यक्ष माझीले गाडी सुविधा कटौती गरेपछि उपाध्यक्ष गुणावतीदेवी चौधरीसहितका अन्य जनप्रतिनिधिले भने असन्तुष्टि जनाएका छन्।

पछिल्लो २ वर्षमा जनप्रतिनिधिकै कमजोरीको कारण ९ करोड बजेट फ्रिज भएको बताउँदै माझीले अहिले पनि काम गर्न नदिएर बजेट फ्रिज गराउने प्रयास भइरहेको गुनासो गरे। मंगलबार बसेको कार्यपालिका बैठकमा विवाद चर्किएपछि बैठक प्रभावित बनेको थियो। गलत काम गर्ने ठेकेदारलाई कार्वाहीको निर्णय गर्नखोज्दा असहयोग भएको अध्यक्ष माझीको दावी छ।

गत माघ ३० गते बसेको कार्यपालिका बैठकबाट माझीले लोहन्द्रा खोलाको ठेक्कामा मिलेमतो गरेको पाइएपछि ठेकेदारलाई कालोसूचीमा राखेर नयाँ ठेक्का आह्वान गर्नेसहितका निर्णय गरेका थिए।

सो निर्णयविरुद्ध उपाध्यक्ष थारुसहित एमाले र काँग्रेसबाट निर्वाचित भएका वडा अध्यक्षहरूले ४ फागुनमा उच्च अदालत विराटनगरमा रिट दायर गरेका थिए। उक्त रिटमा उच्च अदालतले अन्तरिम आदेश दिएपछि माझीले पुनः बैठक बोलाएका थिए। तर, बहुमत पक्ष ठेकेदरामाथि कार्वाही गर्ने प्रस्तावको विपक्षमा उभिएपछि निर्णय हुन सकेन।

गाउँपालिकाको १५ सदस्यीय कार्यपालिकामा अध्यक्ष माझी अल्पमतमा छन्। यसअघि उनले माघ २९ गते ठेकेदारलाई कालोसुचीमा राख्नेसहितका निर्णय गर्न कार्यपालिकाको बैठक बोलाएका थिए। तर, उपाध्यक्षसहित केहि सदस्यहरुले बैठकमा उपस्थित भएर पनि निर्णय पुस्तिकामा हस्ताक्षर नगरेपछि कोरम पुगेन। त्यसपछि माझीले ३० गते एक चौथाइ सदस्यको उपस्थितिमा बैठक बोलाएर निर्णय गराएका थिए।

स्थानीय सरकार सञ्चालन ऐनमा पहिलो बैठकमा कोरम नपुगेमा अर्को बैठकमा एक चौथाइले कोरम पुग्ने व्यवस्था छ। तर, अदालतले बैठक बोलाउँदा ३ दिनको सुचना दिनुपर्नेमा २ दिनको मात्र दिएको पाइएको भन्दै कार्यपालिकाको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ। अध्यक्ष माझीले आफूले पनि अब सरकारी गाडी थन्काएर निजी मोटरसाइकल चढ्न थालेको बताएका छन्। ग्रामथान ६ का वडा अध्यक्ष वीरनारायण चौधरी थारुले भने कार्यपालिका बैठकपछि माओवादी कार्यकर्ता पठाएर अध्यक्षले गाडी खोसेको आरोप लगाएका छन्।

गत मंसिरमा भएको उपनिर्वाचनमा नेकपा माओवादी केन्द्रबाट उम्मेदवार बनेर माझी अध्यक्ष पदमा निर्वाचित भएका हुन्। ७ वडा रहेको पालिकामा ३ नम्बर वडाका वडा अध्यक्ष रमेशकुमार भगतले भने पालिकाबाट मोटरसाइकल लिएका थिएनन्। उनी नेकपा माओवादी केन्द्रका हुन्। वडा नं. १ अध्यक्ष काँग्रेसका सुरेशकुमार माझीले भने पत्र नपठाएको भन्दै मोटरसाइकल फिर्ता गरेका छैनन्। ग्रामथानमा एक जना काँग्रेसबाट निर्वाचित वडाअध्यक्ष छन् भने एक जना माओवादीबाट निर्वाचित छन्। अन्य ५ जना भने एमालेका हुन्।

### ग्रामथानलाई...

सुझाव तथा राय गाउँपालिकाको सम्पत्ति भएको र पालिकाका जनता सार्वभौमसत्ता भएकाले जनताको चाहना र इच्छाअनुसार काम गर्ने बताए। कसैको दबाबमा कुनै पनि काम नगरिने उनको भनाइ थियो। उनले गाउँपालिकाको प्रशासनिक कार्य ढिलासुस्ती नहुने जवाफ दिएका थिए।

थारु संग्राहलयको विषयमा उनले आलोचना गर्दै आम नेपाली जनताको संग्रहालय हुनुपर्नेमा जोड दिए। आफूलाई भोट दिने तथा भोट नदिने भनेर नछुट्याउने र सबैलाई बराबर व्यवहार गरिने उनको भनाइ थियो।सार्वजनिक सुनवाई कार्यक्रममा नेपाली कांग्रेस तथा नेकपा एमालेका जनप्रतिनिधिहरु सहभागी नभएकोप्रति उनले दुखेसो पोखे। सम्पूर्ण ग्रामथानबासीका लागि दिनरात नभनी काम गर्ने उनले उद्धोष गरे। तेतरिया हटियाको प्राङ्गणमा भएको सार्वजनिक सुनवाइमा शिक्षक बुद्धिजीवी राजनीतिकर्मी नागरिक समाजका अगुवा पालिकाका कर्मचारीहरू लगायतको सहभागिता थियो। गाउँपालिकाकी उपाध्यक्ष गुणावती धामी थारु प्रतिलक्षित गर्दै उनले कुनै असहमति भए वार्ता छलफलबाट निष्कर्षमा पुग्न र निरन्तर जनताको सेवा गर्न आग्रह गरे। आम जनसरोकारका विकासमूलक कार्यक्रममा राजनीति नगर्न उनले सबै पक्षसँग आग्रह गरे।

### भन्सार...

सोमबारदेखि नयाँ प्रमुख आउनु भएको छ' उनले भने, 'भन्सारबाट तस्करी हुने कुरा सम्भव छैन।' विराटनगर भन्सार प्रमुखका रूपमा उमेश श्रेष्ठ आएका छन्। यसअघिका प्रमुख ज्ञानेन्द्र ढकालले सोमबारदेखि औपचारिक हिसाबले बिदा लिएका छन्।

### बैठक...

कानुन बनाएर समाजलाई अनुशासन र मर्यादा सिकाउने सभाले अनुशासन र मर्यादा कायम नगरेकोमा मेरो गम्भीर आपत्ति छ।' समयमै संसद् चल्नु पर्नेमा नचलाइ कुनै राजा महाराजालाई पर्खिएर बस्नु परेको भन्दै उनले आक्रोश व्यक्त गरे। उनले संसदीय समितिका बैठकहरू सदन नचलेको बेला राख्नसमेत आग्रह गरे। कोशी प्रदेशसभाले गलत परम्परा बसाउन खोजेको भन्दै उनले त्यसलाई अन्त्य गर्न माग गरे। प्रदेश सांसद र सरकारप्रति मानिसको वितृष्णा पैदा भइरहेको अवस्थामा सांसदहरू भत्ता पकाउनको लागि कसैलाई दुई-दुई घन्टा पर्खिनुपर्ने विधि गलत भएको भन्दै उप्रेतीले गम्भीरतापूर्वक सच्याउन माग गरे।

### अदालतको...

चार वर्षको लागि २०८० चैत २३ गते नियुक्त भएका तामाङ्गलाई हटाएर बोर्डले एमालेका कार्यकर्ता सुरजबहादुर श्रेष्ठलाई अध्यक्ष नियुक्त गरेको छ। कोशी खेलकुद विकास बोर्डका अध्यक्षसमेत रहेका सामाजिक विकास मन्त्री तथा पाँचकर्ण राईको अध्यक्षतामा १७ माघमा बसेको बैठकले श्रेष्ठलाई नियुक्त गरेको हो।

२०८१ भदौ ४ गते खेलकुद विकास बोर्डका सदस्य सचिव बस्नेतले योञ्जनलाई निलम्बन गर्ने निर्णय गरेकोमा त्यसविरुद्ध योञ्जनले उच्च अदालतमा रिट दायर गरेकोमा अदालतले बोर्डको निर्णय कार्यान्वयन नगर्न र योञ्जनलाई काम गर्न दिन भन्दै भदौ १२ गते अन्तरिम आदेश दिएको थियो। उच्च अदालतले अन्तरिम आदेश दिएपनि बस्नेतले काम गर्न नदिएको र अहिले अदालतको आदेश अवहेलना गर्दै नयाँ नियुक्त गरेको योञ्जनले बताए। बस्नेतकै प्रस्तावमा खेलकुदमा नरहेका नेकपा एमालेका जिल्ला सदस्य श्रेष्ठलाई अहिले नियुक्त गरिएको छ।

कुनै कारणबिना र राजनीतिक प्रतिशोधका आधारमा बस्नेतले आफूलाई निलम्वन गरेर पार्टीका कार्यकर्ता भर्ति गराउन खोजेको योञ्जनले आरोप लगाएका छन्। लामो समयदेखि कराँतेमा सक्रिय रहेका तामाङ सितोरियो कराँतेका राष्ट्रिय कोच तथा थर्ड डन हुन्। मोरङ जिल्ला खेलकुद विकास समितिको अध्यक्ष नियुक्तिको विषयलाई लिएर कोशी प्रदेशसभा बैठकमा पनि सांसदले प्रश्न उठाएका छन्।

# छनोट प्रतियोगितामा मोरङ र झापा विजयी

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २० फागुन*



कोशी प्रादेशिक क्रिकेट संघ कोशी प्रदेशको आयोजनामा प्रधानमन्त्री कप-२०८१ छनोट प्रतियोगिताको मंगलबार भएको खेलमा मोरङ र झापा विजयी भएको छ।

वैजनाथ क्रिकेट मैदानमा भएको खेलमा मोरङले इलामलाई १७६ रनको विशाल अन्तरले पराजित गरेको हो। जितपछि मोरङ २ खेलमा ४ अंकका साथ शीर्ष स्थानमा रहेको छ भने इलाम ३ खेलमा १ जितसहित २ अंकले चौथो स्थानमा झरेको छ।

टस जितेर ब्याटिङ गरेको मोरङले निर्धारित ४५ ओभरमा ९ विकेट गुमाइ २१८ रनको योगफल तयार पारेको थियो। मोरङका लागि सकिव हलले ४५ रन बनाउँदा चिराग साहले ४१, सन्तोष चौधरीले ३७ रन र फिर्दोस अन्सारीले २१ रनको योगदान दिए। इलामका सुयोग भट्टराई, हेमन राई र विशाल आचार्यले २-२ विकेट लिए। २१९ रनको लक्ष्य पछ्याएको इलामले १४.४ बलमा सबै विकेट गुमाइ ४२ रनमा सीमित भयो। इलामका सन्दिप ढुंगानाले सर्वाधिक १३ रनको योगदान दिए। मोरङका प्लेयर अफ म्याच महबुब बाबु इराकीले ३ विकेट लिँदा मिनस थापाले ३ विकेट लिए। मेरिवोन ज्वाला विराटनगर क्रिकेट मैदानमा भएको खेलमा झापाले उदयपुरलाई ६ विकेटले पराजित गरेको छ। जितपछि झापा २ खेलमा १ मा जित र १ मा पाराजित हुँदा तेस्रो स्थानमा उक्लिएको छ भने उदयपुरले तीनै खेल हारेर अंक तालिकाको पुच्छरमा छ।

टस हारेर जितेर ब्याटिङ गरेको उदयपुले निर्धारित ५० ओभरको खेलमा ४३.२ बलमा सबै विकेट गुमाइ १५१ रनको योगफल बनायो। उदयपुरका आशिष भट्टराईले सर्वाधिक ८१ रनको योगदान दिए। झापाका प्लेयर अफ म्याच समिच कार्कीले ४ विकेट लिँदा सिद्धान्त कुमालले ३ विकेट दिए।

१५२ रनको विजयी लक्ष्य पाएको झापाले ३९.५ बलमा ४ विकेट गुमाइ सो विजयी लक्ष्य पार गरेको थियो। झापाको जितमा दिपु भुजेलले अविजित ५१ रनको योगदान दिँदा सुजन थपलियाले ४३ रनको योगदान दिए। उदयपुरका दिपकराज जोशीले २ विकेट लिए। लिगको आधारमा खेलाइएको खेलमा कोशी प्रदेशका मोरङ, झापा, सुनसरी, इलाम र उदयपुर गरी ५ टिम सहभागी छन्।

# भोटखोलाको खाद्य डिपोमा चामल अभाव

◆ भविन कार्की

*संखुवासभा, २० फागुन*

संखुवासभाको दुर्गम उत्तरी क्षेत्र भोटखोलामा रहेको हटियागोला खाद्य डिपोमा चामल अभाव भएपछि उपभोक्ता मर्कामा परेका छन्। दुर्गम उत्तरी क्षेत्र भोटखोला हटियागोलामा रहेको खाद्य डिपोमा एक महिनामै चामल अभाव भएको छ। दुर्गम उत्तरी क्षेत्र हटियागोला खाद्य डिपोमा पठाएको चामल एक महिनामै रित्तिएको हो। हटियागोला खाद्य डिपोमा १५ महिनादेखि पठाएको चामल एक महिनामै रित्तिएपछि खाद्य डिपोमा चामल अभाव भएको गाउँपालिका अध्यक्ष वाङछेदर भोटेले बताए।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय विराटनगरले १५ महिनापछि गत मङ्सिरमा चामल पठाएको थियो। त्यो चामल एक महिना नबित्दै सकिएको अध्यक्ष भोटेले बताए। भौगोलिक रुपमा विकट र यातायातको पहुँच नभएका कारण बर्खायाम अगाडि नै डिपोमा चामल पठाउनु पर्ने भएपनि अहिलेसम्म प्रक्रिया अघि नबढेको उनको गुनासो छ।

वार्षिक खाद्यान्न कोटा ५०० क्विन्टल मात्र भएकाले स्थानीयले अनुदानको चामल पाउन नसकेको गाउँपालिका अध्यक्ष भोटेले बताए।

दुर्गम उत्तरी क्षेत्र भोटखेला क्षेत्रमा आलु र कोदो,फापर मात्र उत्पादन हुँदै आएको छ। उक्त खाद्यान्यले ६ महिना मात्र खान पुग्ने स्थानीयको भनाइ छ। दुर्गम उत्तरी क्षेत्र हटियागोला नियम खाद्य डिपोमा र कर्मचारी राख्न गाउँपालिका अध्यक्ष भोटेले माग गरे।

विराटनगरमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयले समयमा अनुदानको चामल नपठाउदाँ दुर्गम उत्तरी क्षेत्र भोटखोलामा खाद्यान्य समस्या भएको हो।

भोटखोला गाउँपालिकाका अधिकांश नागरिक खाद्यान्न लगायत दैनिक उपभोग्य वस्तुका लागि सीमावर्ती चीनियाँ बजार चाँगा र देन्दाङमा निर्भर रहदै आएका छन्। सदरमुकाम खाँदबारीमा १५ सय क्विन्टल र उत्तरी क्षेत्र भोटखोलामा ५ सय क्विन्टलको कोटा तोकिएको छ।

# पत्रकार कर्ण पुरस्कृत




विराटनगर, २० फागुन (हाम्रोमत)- विराटनगरका पत्रकार नवीन कर्ण 'हरिनारायण-विष्णुमाया श्रेष्ठ पत्रकारिता पुरस्कार' बाट पुरस्कृत भएका छन्।

कर्णलाई झापाको अर्जुनधारा नगरपालिका-११ स्थित जंगबीर गुभाजू श्रेष्ठ प्रतिष्ठानले एक कार्यक्रमबीच पुरस्कृत गरेको हो। अर्जुनधाराको बुट्टाबारीस्थित प्रतिष्ठान परिसरमा आयोजित १५ औं साधारण सभाकाबिच कर्णलाई सो पुरस्कार समर्पण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि त्रिफला राष्ट्रिय पुस्तकालय,धुलाबारीका अध्यक्ष प्रेम प्रकाश फलारी र आयोजक संस्थाका अध्यक्ष बाबुराम श्रेष्ठ 'बर्षा' लगायतले कर्णलाई दोसल्ला ओढाएर सम्मानपत्र तथा नगद सहित पुरस्कृत गरे। पुरस्कारको राशि नगद १२ हजार रुपैयाँ रहेको छ ।

दुई दशक बढी समयदेखि सक्रिय पत्रकारिता मार्फत सामाजिक रुपान्तरणमा योगदान पुऱ्याउँदै आएकाले कर्णलाई पुरस्कृत गरिएको प्रतिष्ठानका अध्यक्ष श्रेष्ठले बताए। प्रतिष्ठानले यस वर्षको 'हरिनारायण-विष्णुमाया श्रेष्ठ बाल साहित्य पुरस्कार' पश्चिम बंगाल दार्जिलिङकी साहित्यकार विमला प्रधान जोशीलाई प्रदान गरेको छ। पुरस्कारको राशि नगद १५ हजार छ।

कार्यक्रममा कक्षा १२ का मेधावी विद्यार्थी प्रदीप श्रेष्ठलाई नगद ५ हजार नगदसहित पुरस्कृत गरिएको थियो भने ज्येष्ठ नागरिकहरु विराटनगरका नरबहादुर.खड्का,अर्जुनधारा-९ का तिलरुपा श्रेष्ठ र कन्काई नगरपालिका,सुरुङ्गाका बिष्णुमाया श्रेष्ठ सहित ९ जनालाई समेत सम्मान गरिएको थियो।

# नेवारी परिकार प्रदर्शनी



संखुवासभा, २० फागुन (हाम्रोमत)- संखुवासभाको सदरमुकाम खाँदबारीमा संस्कार, संस्कृति र नेवारी खाना संरक्षणका लागि नेवारी परिकार प्रदर्शनी गरिएको छ। मंगलबार सदरमुकाम खाँदबारीमा नेवार संस्कृतिको प्रवर्द्धन र आन्तरिक पर्यटनलाई मध्यनजर गर्दै नेवा मिसा दबूको आयोजनामा सुरु भएको फेस्टिबलमा नेवारी खानाका परिकार र
ाखिएको छ।

नेवारी संस्कार, संस्कृति र लोप हुन लागेको नेवारी खाना परिकारको संरक्षण तथा प्रचार प्रचारको लागि दुईदिने नेवारी परिकार प्रदर्शनी गरिएको नेवा मिसा दबू खाँदबारी नगरपालिका वडा नम्बर १ की अध्यक्ष सरिता उदासले बताइन्।

नेवारी परिकार प्रदर्शनी बारा, योमरी, चटामरी, नेवारी खाजा सेट लगायतका परिकारको स्वाद चाख्न पाइन्छ।

खाँदबारीको पिोखरी पार्कमा मंगलबार बिहानदेखि सुरु भएको नेवारी परिकार प्रदर्शनी (फुड फेस्टिभल ) बुधबार समापन हुनेछ। कार्यक्रमको उद्धाटन गर्दै नेवा देय दबू संखुवासभाकी अध्यक्ष सिता शाक्यले जातीय मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नका लागि कार्यक्रमको आयोजना गरिएको बताइन्।

# युवा-युवती एउटै पासोमा

विराटनगर, २० फागुन- (हाम्रोमत)- मोरङको पथरीशनिश्चरे ५ मौलीबारीस्थित बक्राहा खोला किनारमा रहेको पिठारीको रुखमा विवाहित युवा-युवती एउटै रुखमा झुन्डिएको अवस्थामा मृत फेला परेका छन्।

सोमबार बिहान पिठारीको रुखको एउटै हाँगोमा झुन्डिएको अवस्थामा उनीहरु मृत भेटिएका हुन्। इलाका प्रहरी कार्यालय पथरीका डीएसपी मोहनविक्रम दाहालका अनुसार पथरीशनिश्चरे-५ का अन्दाजी २४ वर्षीय अजय टुडू र झापाको गौरीगन्ज गाउँपालिका-२ घर तथा मोरङको कटहरी गाउँपालिका-६ माइती भएकी २२ वर्षीया जुबामुनी हस्दा नाइलनको डोरीको पासो लगाएर झुन्डिएको अवस्थामा भेटिएका हुन्। दुबै जना विवाहित हुन्।

घाँटीमा नाइलनको एउटै डोरीको पासो लगाएर रुखको हाँगोमा झुन्डिएको अवस्थामा बिहान १०:३० बजेतिर स्थानीयले देखेर प्रहरीलाई खबर गरेका थिए। त्यसलगत्तै डीएसपी दाहाल नेतृत्वको टोली घटनास्थल पुगेको थियो।

प्रहरीका अनुसार घटनास्थल अजयको घरबाट करिब एक किलोमिटर दक्षिणमा पर्छ। मृत फेला परेकी जुबामुनीका पति कान्छा टुडु वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेको र नाबालक छोरा रहेको प्रहरीले जनाएको छ। मृतक अजयको पनि श्रीमती र २ छोरा रहेको प्रहरीले जनाएको छ।

अयजले जुबामुनीलाई गत आइतबार राति आफ्नै घरमा लिएर आएको पत्ता लागेको छ। अजयको घरमा खाना खाएर राति नै उनी निस्किएको पाइएको प्रहरीले जनाएको छ। सम्पर्क र आउजाउको अवस्था हेर्दा दुबै जना प्रेम सम्बन्धमा रहेको हुनसक्ने अनुमान प्रहरीले गरेको छ। प्रेम सम्बन्धमा समस्या उत्पन्न हुनसक्ने देखेपछि दुबै जनाले सल्लाहमै आत्महत्या गरेको हुनसक्ने डीएसपी दाहालले बताए। 'घटनास्थलको प्रकृति हेर्दा र प्रारम्भिक अनुसन्धानबाट दुवै जनाले सहमतिमै आत्महत्या गरेजस्तो देखिन्छ। तर, थप कुरा यकिन भइसकेको छैन' उनले भने।

**माइग्रेसन हरायो**

मिति २०८१-१०-०५ गते विराटनगर बसपार्कदेखि ढाटसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु।
**नाम: भव्यता लुईंटेल**
सिम्बल नम्बर : ९०४०५७७४
रजि.नं. : ७९१०४०८९०१०८
ठेगाना: विराटनगर, मोरङ
सम्पर्क नं. : ९८२७९४५६२६












ट्राफिक चौक ठ्याक्कै पूर्वपट्टि

